म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १३१ शनिबार, १२ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 27 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

### अन्तरपालिका भलिबलको उपाधिका लागि हेटौंडा र निर्मल भिड्ने

हेटौंडा, ११ पुस/हेटौंडा-१९ बस्तिपुरस्थित निर्मल माविको प्रांगणमा जारी अन्तरपालिका भलिबल प्रतियोगिताको उपाधिका लागि आयोजक निर्मल मावि र हेटौंडा उपमहानगरपालिका भिड्ने भएका छन् । शुक्रबार भएको सेमिफाइनलबाट जित निकाल्दै आयोजक र हेटौंडाले फाइनल भिडन्त पक्का गरेको हो । पहिलो सेमिफाइनलमा हेटौंडाले कैलाश गाउँपालिकालाई ३-० को सोझो सेटमा हराउँदै उपाधी भिडन्त पक्का गरेको हो । हेटौंडाले कैलाशलाई २५-१९, २५-१३ र २५-१९ को सेटमा हराएको हो । दोस्रो सेमिफाइनलमा निर्मलले मनहरी गाउँपालिकालाई ४-१ को सेटमा हरायो । निर्मलले मनहरीलाई २५-१८, २५-२०, २१-२५ र २५-१७ को सेटमा पताजित गरेको हो । प्रतियोगितामा मकवानपुरको ६ वटा गाउँपालिकासहित आयोजक टिम गरी ७ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले ७५ हजार, उपविजेताले ५० हजार र सेमिफाइनल पुगेका २ टोलीले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । निर्मल माविको स्वर्ण महोत्सवको अवसरमा भलिबल प्रतियोगिता भएको हो ।

विद्युतीय प्रशारण लाइनको तारमुनिको जग्गाको कित्ताकाट गर्न पाइने

# नयाँ व्यवस्थाअनुसार सुरक्षाका मापदण्ड यथावत्

साझाकुरा संवाददाता



हेटौंडा, ११ पुस/ सरकारले विद्युतीय प्रसारण लाइनको तारमुनि पर्ने जग्गाको क्षेत्रको कित्ताकाट गर्न पाउने व्यवस्था गरेको छ ।

भूउपयोग नियमावली, २०७९ को तेस्रो संशोधनमार्फत प्रसारण लाइनको मार्गाधिकार (राइट अफ वे)मा पर्ने जग्गाको क्षेत्रको स्वामित्व सम्बन्धित जग्गाधनीकै नाममा रहने गरी कित्ताकाट गर्न सकिने नयाँ व्यवस्था गरिएको हो । प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधान गर्न गरिएको यो व्यवस्था गत कार्तिक २७ गतेको राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आइसकेको छ । नयाँ व्यवस्था अनुसार प्रसारण लाइनमुनिको जग्गा कित्ताकाट गर्न पाइने भएपनि सुरक्षाका मापदण्ड भने यथावत् रहनेछन् । प्रसारण लाइनको राइट अफ वेमा पर्ने जग्गाको क्षेत्रभित्र घरलगायतका संरचना निर्माण, अग्ला रुख रोप्न वा जोखिमयुक्त गतिविधि गर्न भने पाइँदैन ।

प्रसारण लाइन निर्माण तथा सञ्चालनका क्रममा लाइनको सुरक्षित सञ्चालन, मर्मतसम्भार र सार्वजनिक सुरक्षालाई ध्यानमा राखी लाइनको केन्द्रबाट दायाँ र बायाँ दुवैतर्फ निश्चित दूरीसम्मको क्षेत्रलाई राइट अफ वे तोकिएको हुन्छ । राइट अफ वेको चौडाइ प्रसारण लाइनको भोल्टेज स्तर, टावरको उचाइ, तारको झुन्डिने अवस्था (स्याग) तथा प्राविधिक मापदण्डका आधारमा निर्धारण गरिन्छ । ६६ तथा १३२ केभी प्रसारण लाइनका लागि तारको केन्द्रबाट दायाँबायाँ ९/९ मिटर गरी १८ मिटर, २२० केभी प्रसारण लाइनको १५/१५ गरी ३० मिटर र ४०० केभीको २३/२३ गरी ४६ मिटर राइट अफ वे रहने व्यवस्था छ ।

प्रसारण लाइन निर्माण गर्दा टावर प्याड रहने ठाउँको जग्गा मुआब्जा रकम दिएर अधिग्रहण गरिन्छ । अर्थात जग्गाको स्वामित्व आयोजनाको नाममा रहन्छ । तर, राइट अफ वेमा भने जग्गाको स्वामित्व सम्बन्धित जग्गाधनीकै नाममा रहने गरी निश्चित प्रतिशत क्षतिपूर्ति दिइन्छ । हाल राइट अफ वेमा पर्ने जग्गाको मूल्यांकन गरिएको रकमको १० देखि २५ प्रतिशतसम्म क्षतिपूर्ति सम्बन्धित जग्गाधनीलाई दिँदै आएको छ । सम्बन्धित आयोजनाबाट जग्गा प्राप्तिको निर्णय र क्षतिपूर्ति प्रदान गरिएको प्रमाणसहित लेखी आएमा जग्गाको स्वामित्व सम्बन्धित जग्गाधनीकै नाममा कायम रहने गरी कित्ताकाट गर्न सकिने व्यवस्था गरिएको हो ।

'सम्बन्धित जग्गाधनीलाई क्षतिपूर्ति दिई त्यस्तो जग्गामा परेको विद्युतीय प्रसारण लाइनको राइट अफ वे क्षेत्रको कित्ताकाट गरिदिन प्रचलित कानुन बमोजिम सम्बन्धित आयोजनाबाट जग्गा प्राप्तिको निर्णय र क्षतिपूर्ति प्रदान गरिएको प्रमाणसहित लेखी आएमा जग्गाको स्वामित्व सम्बन्धित जग्गाधनीकै नाममा कायम रहने गरी कित्ताकाट गर्न सकिनेछ,' भूउपयोग नियमावलीमा उल्लेख छ । प्रसारण लाइनको राइट अफ वेमा पर्ने निश्चितक्षेत्र पर्ने तर, पूरै क्षेत्रको कित्ताकाट नहुँदा जग्गाधनीलाई कित्ताकाट, नामसारी, बैंक तथा वित्तीय संस्थामा धितो राख्न नपाउँदा आर्थिक तथा समाजिक समस्या पर्दै आएको थियो । अब राइट अफ वेमा पर्ने जग्गाको क्षेत्रलाई कित्ताकाट गर्न सकिने हुँदा जग्गाको कारोबार सहज हुने र जग्गाधनीले आफ्नो सम्पत्तिको कानुनी उपयोग गर्न पाउने देखिएको छ ।

विशेषगरी सहरी तथा अर्धसहरी क्षेत्रमा प्रसारण लाइनको राइट अफ वेमा पर्ने जग्गा कित्ताकाट नहुँदा जग्गाधनीहरु ठूलो मारमा पर्दै आएका थिए । जग्गा हुँदाहुँदै पनि बैंकबाट कर्जा लिन नपाउने, व्यवसाय विस्तार गर्न नसक्ने र आपतकालीन अवस्थामा सम्पत्तिको उपयोग गर्न नसक्ने अवस्था थियो । यसअघि प्रसारण लाइनको राइट अफ वेमा जग्गाको केही भागमात्र पर्ने तर, पूरै कित्ताकाट गर्न नमिल्ने अवस्थाका कारण जग्गाधनीलाई आर्थिक तथा सामाजिक समस्या झेल्नुपरेको थियो । कित्ताकाट नहुँदा नामसारी गर्न, बैंकमा धितो राख्न, कर्जा लिन वा जग्गाको कानुनी उपयोग गर्न कठिनाइ हुँदै आएको थियो ।

नयाँ व्यवस्थाले राइट अफ वेमा पर्ने जग्गाको क्षेत्र छुट्याएर कित्ताकाट गर्न सकिने भएपछि जग्गा कारोबार सहज हुने, बैंक तथा वित्तीय पहुँच बढ्ने र जग्गाधनीले आफ्नो सम्पत्तिको कानुनी उपयोग गर्न पाउने अवस्था सिर्जना हुने अपेक्षा गरिएको छ । यसले प्रसारण लाइन निर्माणमा देखिँदै आएको अवरोध घटाउने र ऊर्जा पूर्वाधार विस्तार लाई पनि सहयोग पुग्ने विश्वास गरिएको छ । नेपालमा पछिल्ला वर्षमा ठूला जलविद्युत् आयोजना र उच्चक्षमताका प्रसारण लाइनको निर्माण तीव्ररुपमा अघि बढ्दै आएको छ । तर, प्रसारण लाइन विस्तार का क्रममा जग्गा प्राप्ति, मुआब्जा र राइट अफ वेसम्बन्धी विवादले आयोजना कार्यान्वयनमा ढिलाइ हुँदै आएको थियो ।

कतिपय स्थानमा स्थानीय जग्गाधनीको असन्तुष्टि र कानुनी जटिलताका कारण आयोजना वर्षौंसम्म अल्झिने अवस्था देखिएको थियो । सरकारले यही समस्यालाई मध्यनजर गर्दै निजी सम्पत्तिको अधिकार संरक्षण र सार्वजनिक हितका पूर्वाधार विकासबीच सन्तुलन कायम गर्ने उद्देश्यले भूउपयोग नियमावली संशोधन गरेको जनाएको छ । यसले एकातर्फ जग्गाधनीलाई आफ्नो जग्गाको कानुनी उपयोग गर्न सहज बनाउनेछ भने अर्कोतर्फ प्रसारण लाइन निर्माणमा देखिने अवरोध पनि घटाउने अपेक्षा गरिएको छ ।

# मकवानपुर बहुमुखी क्याम्पसले 'हल्ट प्राइज' प्रतियोगिता गर्दै



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले 'हल्ट प्राइज' प्रतियोगिता आयोजना गर्ने भएको छ ।

क्यामपसमा करिब पाँच वर्षपछि आयोजना हुने भएको यस कार्यक्रममा सहभागी हुनका लागि शुक्रबारदेखि रजिष्ट्रेसन फारम खुल्ला गरिएको हल्ट प्राइज प्रतियोगिता २०२५/२६ का निर्देशक रिजन इटेनीले जानकारी दिए । हरेक वर्ष आयोजना गरिने अन्तर्राष्ट्रिय प्रतियोगिता हल्ट प्राइजको तयारीका लागि यसवर्ष मकवानपुरबाट वनविज्ञान अध्ययन संस्थान, (इन्स्टिच्युट अफ फरेष्ट्री, हेटौंडा) र मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाले 'अनक्याम्पस प्रतियोगिता' आयोजना गर्न लागेको हो । आगामी माघको अन्तिमसाता वा फाल्गुनको पहिलो सातामा हुने ग्रान्ड फिनालेका लागि तयारी तीव्र रुपमा अघि बढाइरहेको क्याम्पस निर्देशक इटेनीले जानकारी दिए ।

प्रतियोगितामा इच्छुक स्नात्तक वा स्नातकोत्तर तह अध्ययन गरिरहेका जुनसुकै विद्यार्थीले पनि सहभागिता जनाउन सक्नेछन् । प्रत्येक समूहमा कम्तिमा दुई वा बढीमा चारजना विद्यार्थी सहभागी हुन पाउनेछन् । विद्यार्थीले खाद्य सुरक्षा, खानेपानी सहज पहुँच, ऊर्जा, लैङ्गिक समानता, भूमी र शिक्षा जस्ता १७ वटा महत्वपूर्ण सामाजिक र विश्वव्यापी विषय सम्बन्धित समस्या समाधान र उद्यमबारे प्रस्तुती दिन सक्नेछन् । जसमा प्रस्तुतीका आधारमा अन्तिममा तीन प्रतीस्पर्धी समूहलाई छनोट गरेर राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी गराइनेछ ।

उनका अनुसार क्याम्पसले यसअघि २०२० मा यस प्रतियोगिताको आयोजना गरेको थियो । यसवर्षको संस्करणलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन मकवानपुर क्याम्पसमा हल्ट प्राइज १६ सदस्यीय आयोजक समिति गठन गरिएको छ । प्रतियोगिताले विद्यार्थीमा नवीनतम सोचको विकास गर्ने, उद्यमशीलतामा जोड दिने र सामाजिक क्रियाकलापमा प्रभाव पार्ने योजना ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने इटेनीले बताए । यसले विद्यार्थीलाई जटिल समस्यासँग जुध्न सघाउ पुर्‍याउने उनले उल्लेख गरे ।

उनले भने 'क्याम्पस लेभलका विद्यार्थी आफैं केहि गरौं, व्यापार गरौं भन्ने सोच सिर्जना गर्नुहुन्छ । तर, त्यसमा लागानी गर्ने र सहि मार्गनिर्देशनको अभावले उहाँहरु पछि पर्नुहुन्छ । यसखालको प्रतियोगिताले उहाँहरुको सपना पूरा गर्नुका साथै प्रतिस्पर्धामक भावनाको विकास गर्छ भन्ने हाम्रो मूल अपेक्षा हो ।' उनले भने 'सहभागी विद्यार्थीले प्रस्तुत गर्नुभएको विचारले विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्नुपर्छ भने संयुक्त राष्ट्रसंघको कम्तिमा एउटा दिगो विकास लक्ष्यसँग आधारित हुनुपर्छ ।'

उनका अनुसार 'हल्ट प्राइज' हरेकवर्ष आयोजना गरिने अन्तर्राष्ट्रिय प्रतियोगिता हो । जसका विजेताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने अवसर पाउनुका साथै १ मिलियन अमेरिकी डलरलाई सुनिश्चित गर्ने अवसर हात पार्नेछन् ।



Authorized Service Point in Hetauda
Himalayan Motors Pvt.Ltd.
हेटौंडा-२, चौकीटोल, ०५७-५२०३३३, ९८२४२२०९६४, ९८०२५६८९७०

# बाह्रखरी कथा प्रतियोगितामा मकवानपुरका शाही प्रथम




साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ 'डिशहोम सातौँ बाह्रखरी कथा प्रतियोगिता २०८२' मा मकवानपुरका शिवराज शाही प्रथम भएका छन् ।

बाह्रखरी मिडियाको आयोजनामा भएको कथा प्रतियोगितामा शाहीद्वारा लिखित 'एक मान्ठ एक देउटा' कथाले प्रथम स्थाल हासिल गरेको हो । शाही हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र संकायमा दास्रो वर्षमा अध्ययनरत छन् । प्रथम भएका शाहीले नगद २ लाख रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा ऋतेश गुरुद्धारा लिखित 'भुइँकुहिरोको बीचमा' कथा दोस्रो र इन्द्रप्रसाद गोतामे (जगतजंग) द्वारा लिखित 'अधुरो प्रतिलिपि' कथाले तेस्रो स्थान हासिल गरेको छ । प्रतियोगितामा दोस्रो र तेस्रो स्थान हासिल गर्ने कथाकारले क्रमश: १ लाख र ६० हजार रुपैयाँ नगदसहित ट्रफी प्राप्त गरेका छन् ।

बाह्रखरी मिडियाको आयोजनामा काठमाडौंमा भएको उत्कृष्ट कथा घोषणा समारोहमा प्रधानमन्त्री सुशीला कार्कीले विजेतालाई पुरस्कार हस्तान्तरण गरेकी हुन् । प्रतियोगितामा नेपालसहित विभिन्न दशभन्दा बढी मुलुकबाट १ हजार १ सय ६८ वटा कथाकारको सहभागिता थियो । प्रतियोगितामा नेपालसहित भारत, चीन, युएई, अमेरिका, जापान, बेलायत, कतार, क्यानडा, स्पेन, फिनल्यान्ड, इन्डोनेसिया, अस्ट्रेलियालगायत देशमा बसोबास गर्ने नेपालीभाषि कथाकारले भाग लिएको थिए । बाह्रखरीले उत्कृष्ट २५ कथा छनोट गरी अन्तिममा उत्कृष्ट तीन छनोट गरेको हो ।

# चितवनमा हात्ती महोत्सव सुरु, मुख्यमन्त्री बानियाँले उद्घाटन गरे



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ नेपालकै चर्चित पर्यटकीयक्षेत्र सौराहामा शुक्रबारबाट चितवन हात्ती तथा पर्यटन महोत्सव २०८२ सुरु भएको छ ।

हरेकवर्ष क्षेत्रीय होटल संघ, सौराहाको आयोजनामा हुने यो महोत्सवको यो १९ औं श्रृंखला हो । महोत्सवको बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले शुक्रबार उद्घाटन गरेका हुन् । महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले हात्तीको संरक्षण मान्छेले गर्ने भएकाले प्रकृतिको संरक्षणमा अन्यता सोच्न नहुने बताए । संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले व्यवसायीको समस्या समाधानमा सरकार प्रतिबद्द रहेको बताए । कार्यक्रममा श्रम रोजगार तथा यातायात मन्त्री जयराम थापाले चितवनको पर्यटन सफल बनाउन सबैलाई आग्रह गरेका छन् ।

नेपाल पर्यटन बोर्डका कार्यकारी अधिकृत दीपकराज जोशीले महोत्सवले संस्कृति र पर्यटनलाई अगाडि बढाउन सहयोग पुगेको बताए । महोत्सव मुल समारोह समितिका संयोजक गुणराज थपलियाले हात्ती महोत्सव सफल बनाउन आग्रह गरे । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षणअधिकृत गणेश पन्तले वन्यजन्तु र पर्यटनमैत्री महोत्सव भएको बताए । महोत्सवअवधिभर विभिन्न सांस्कृतिक, खेलकुद तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन भइरहेका छन् । पहिलो दिन चितवन राष्ट्रिय निकुञ्जको प्रवेशद्वारबाट शोभायात्रा सुरु भएको थियो ।

त्यसैगरी हात्तीको पेनाल्टी सुटआउट प्रतियोगिता र विविध सांस्कृतिक प्रस्तुति गरिएको छ । दोस्रो दिन मंगलधुनसँगै प्रत्यक्ष हात्ती सुन्दरी प्रतियोगिता, हात्ती स्वास्थ्य शिविर, अन्तरक्रिया कार्यक्रम, डुंगादौड तथा थप खेलकुद प्रतियोगिता र लोकदोहोरीसहित सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनेछ । महोत्सवको अन्तिमदिन हात्ती पूजा, हात्ती बनभोज कार्यक्रम, विभिन्न प्रतियोगिताको नतिजा प्रकाशन, पुरस्कार तथा प्रशंसापत्र वितरण र औपचारिक समापन कार्यक्रमसँगै साँझ सांस्कृतिक प्रस्तुति रहने आयोजकले जनाएको छ । आयोजकका अनुसार हात्ती तथा पर्यटन महोत्सवले सौराहाको पर्यटन प्रवर्द्धन मात्र नभई स्थानीय संस्कृति, जैविक विविधता र हात्ती संरक्षण सम्बन्धी सन्देशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रवाह गर्ने अपेक्षा गरिएको छ ।

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेबसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# मान्छेले भन्दा धेरै पानी पिउँदै एआई, वार्षिक ७ खर्ब लिटर

मोबाइलको स्क्रिनमा औँलाहरू चल्छन्, एउटा प्रश्न टाइप हुन्छ र केही सेकेन्डमै जवाफ स्क्रिनमा देखिन्छ । आजको समयमा आर्टिफिसियल इन्टेलिजेन्स हाम्रो जीवनको यति अभिन्न हिस्सा बनिसकेको छ कि हामी यसका नकारात्मक पक्ष पनि छन् कि भन्नेबारे सोच्न समेत छोडिसकेका छौँ । तर जसलाई हामी स्मार्ट, छिटो र भविष्यको प्रविधि ठानिरहेका छौँ, त्यही एआईले चुपचाप पृथ्वीको पानी रित्याइरहेको छ ।

एआईले पिइरहेको पानी यति ठूलो मात्रामा छ कि यसका जोखिमहरू देखिन थालिसकेका छन् । अनि एआईले गर्ने जलविनास र त्यसको नियन्त्रणको विकल्पका विषयमा बल्ल गम्भीर बहस चल्न थालेको छ । हालैको एक अनुसन्धानले देखाए अनुसार विश्वमा एक वर्षमा मानिसले खपत गर्ने बोतलबन्द पानीभन्दा आर्टिफिसियल इन्टेलिजेन्स सिस्टमहरू बढी पानी खपत गर्दछन् ।

वास्तवमा एआई प्रविधि कुनै हावामा चल्ने जादु होइन । यसका पछाडि ठूला-ठूला डेटा सेन्टरहरू छन् जहाँ हजारौँ सर्भरहरू दिन रात चलिरहन्छन् । यी सर्भरहरू सञ्चालन हुँदा स्वभाविक रूपमा धेरै तात्ने गर्छन् । अनि उक्त ताप नियन्त्रण गर्न अर्थात् सर्भर चिस्याउनका लागि ठूलो मात्रामा पानी प्रयोग गरिन्छ ।

त्यही पानी नै वास्तवमा एआई सञ्चालनका लागि चाहिने इन्धन हो । तर यसबारे आम प्रयोगकर्तालाई प्राय: जानकारी हुँदैन । एक अनुसन्धान अनुसार हाल एआई सम्बन्धित सिस्टमहरूले एक वर्षमा ३०० देखि ७०० अर्ब लिटर पानी खपत गर्छन् । यो मात्रा संसारभर एक वर्षमा बिक्री हुने बोतलबन्द पानीभन्दा पनि बढी हो । अर्थात् मानिसहरूले किनेर पिउने पानीभन्दा बढी पानी एआईका मेसिनहरूले चुपचापरूपमा रित्याइरहेका हुन्छन् ।



**पानी मात्र होइन, बिजुली पनि**

एआई डेटा सेन्टरहरूले व्यापक रूपमा पानी मात्र खपत गर्दैनन् ती चलाउनका लागि ठूलो मात्रामा बिजुली चाहिन्छ । यसरी धेरै उर्जा खपत हुनुको अर्थ हो अधिक कार्बन उत्सर्जन । एक प्रक्षेपण अनुसार भविष्यमा एआईबाट उत्पन्न हुने कार्बन फुटप्रिन्ट धेरै ठूला शहरहरूको वार्षिक प्रदूषण बराबर हुन सक्छ । तर यसबारे खुला रूपमा कमै चर्चा हुन्छ किनकि अधिकांश ठूला प्रविधि कम्पनीहरूले आफ्ना डेटा सेन्टरहरूको वास्तविक पानी र बिजुली खपत सार्वजनिक गर्दैनन् ।

रोचक त के भने हामीलाई आफूले एआई च्याटबोटमा गर्ने एउटा प्रश्न सानो लाग्न सक्छ । तर यसको यसर भने थुप्रिँदै जान्छ । जब करोडौँ मानिसहरूले दैनिक रूपमा यसैगरी एआई टुलहरू प्रयोग गर्छन् तब पानी खपतको स-सानो हिस्सा जोडिँदै अरबौँ लिटरमा पुग्छ । त्यसैले यदि कुनै व्यवस्थित योजनाबिना नै एआईको विस्तार यसैगरी अघि बढिरह्यो भने त्यसबाट भविष्यमा पानीको अभाव झन् गहिरिने चेतावनी विज्ञहरूले दिन थालेका छन् ।

विश्व धेरै अघिदेखि नै जल संकटसँग जुधिरहेको छ । विश्वका धेरै शहर तथा गाउँहरूमा पानीको अभाव छ र सीमित आपूर्ति छ । भूमिगत जलस्तर घट्दै गएको छ र जलवायु परिवर्तनले अवस्थालाई थप जर्जर बनाइरहेको छ । यस्तो अवस्थामा एआईको बढ्दो पानी खपतले नयाँ र गम्भीर प्रश्न खडा गरेको छ । विज्ञहरू भन्छन्- हामीले भविष्यका पुस्ताको पानीबाट एआई प्रविधिको मूल्य चुकाइरहेका छौँ ।

एआईका यस्ता गम्भीर वातावरणीय जोखिम हुँदाहुँदै पनि यसलाई रोक्न सम्भव छैन । एआई प्रविधिलाई रोक्न आवश्यक पनि हुँदैन । तर यसमा जिम्मेवारी जवाफदेहिता र संवेदनशीलता भने अपरिहार्य बनिसकेको छ ।

अब एआईको स्मार्ट फिचर र तीव्र जवाफबाट खुसी भएर मात्र पुग्दैन । एआइले कति पानी प्रयोग गरिरहेको छ, कहाँबाट लिइरहेको छ र यसको जिम्मेवारी कसले लिने ? भन्ने विषयमा विश्वमा एउटा नयाँ नियम बन्नु आवश्यक छ । हुनत कतिपय एआई कम्पनीहरूले पानी र बिजुली खपत घटाउने उपायहरूमा काम गरिरहेका छन् । अब चाहिँ यस विषयमा पारदर्शीता र जिम्मेवारी झनै आवश्यक भइसकेको छ ।

# अब बदल्न सकिनेछ जिमेलको 'युजरनेम'

सायद तपाईं अहिले पनि आफ्नो स्कुल वा कलेज जीवनमा खोलेका जिमेल खाता नै प्रयोग गर्नुहुन्छ होला । उमेरको कुनै कालखण्डमा सिर्जना गरेको त्यो इमेलमा तपाईंले फरक खालको युजरनेम राख्नुभएको हुनसक्छ । त्यो जिमेल अकाउन्ट अहिले आफ्नो अफिसियल वा अन्य कार्यका लागि प्रयोग गर्नुपर्दा कहिलेकाहीँ त्यसको इमेल एड्रेस अर्थात युजरनेमका कारण निकै अप्ठेरो महसुस हुने गर्दछ ।

आफ्नो जीवनको हिस्सा बनिसकेको जिमेल एड्रेसलाई छाड्न पनि मन नलाग्ने तर त्यसको युजरनेमका कारण प्रयोग गर्न पनि नसक्ने द्विविधाग्रस्त अवस्थाबाट गुज्रिनुभएको हुनसक्छ । यदि त्यस्तो हो भने अब खुसीको खबर छ । गुगलले अब नयाँ जिमेल अकाउन्ट नबनाई आफ्नो पूरानो जिमेल एड्रेस परिवर्तन गर्न सकिने फिचर ल्याउने तयारी गरिरहेको छ । यो सुविधा आगामी वर्ष सन् २०२६ को अन्त्यसम्ममा विश्वव्यापी रूपमै उपलब्ध गराउने योजना गुगलको छ ।

अहिलेसम्म प्रयोगकर्ताको गुगल अकाउन्ट एउटा इमेल ठेगानासँग जोडिएको हुन्छ जसलाई परिवर्तन गर्न सकिँदैन । त्यसैले व्यवसायिक जीवनमा असहज लाग्ने नाम राखिएको मेल आइडी बदल्न चाहने प्रयोगकर्ताले अर्को छुट्टै नयाँ अकाउन्ट बनाउनुपर्ने बाध्यता थियो । जसका कारण आफ्नो पूरानो जिमेल अकाउन्टमा रहेका वर्षौंको इमेल, फाइल र अन्य महत्वपूर्ण डेटा पूरानै अकाउन्टमा छाड्नुपर्ने अवस्था थियो ।

प्रविधि समाचारसम्बन्धी वेबसाइट नाइन टू फाइभ गुगलले प्रकाशित गरेको रिपोर्टअनुसार गुगलले हालै आफ्नो सपोर्ट डकुमेन्ट अपडेट गरेको छ । उक्त डकुमेन्टमा प्रयोगकर्तालाई आफ्नो जिमेल एड्रेस परिवर्तन गर्न अनुमति दिने नयाँ प्रणालीको उल्लेख गरिएको छ । खुसीको कुरा त के भने यसरी जिमेल एड्रेस परिवर्तन गर्दा प्रयोगकर्ताको कुनै पनि पुरानो डाटा वा इमेल डिलिट हुने छैन ।

गुगलको सपोर्ट पेज अनुसार, यो फिचर लागू भएपछि प्रयोगकर्ताले आफ्नो विद्यमान गुगल अकाउन्टसँग जोडिएको जिमेल एड्रेसको युजर नेम बदल्न सक्नेछन् । जसअनुसार पुरानो इमेल एड्रेसले उपनामको रूपमा काम गर्नेछ । यसका कारण प्रयोगकर्ताले नयाँ र पुरानो दुवै एड्रेस प्रयोग गरेर अकाउन्टमा लग इन गर्न सक्नेछन् । साथै पुरानो एड्रेसमा आएका सबै इमेल सुरक्षित रूपमा प्राप्त हुनेछन् । तर, यो सुविधामा केही कडा सीमाहरू पनि तोकिएका छन् । प्रयोगकर्ताले १२ महिनामा एक पटक मात्र जिमेल एड्रेस परिवर्तन गर्न पाउनेछन् । जीवनभरमा अधिकतम तीन पटक मात्रै एड्रेस परिवर्तन गर्न सकिने व्यवस्था गरिएको छ । त्यसैले यो सुविधा प्रयोग गर्दा सोचविचार गरेर मात्रै नयाँ युजर नेम छनोट गर्नुपर्नेछ ।

हालसम्म यो फिचर सार्वजनिक रूपमा उपलब्ध भइसकेको छैन । तर गुगलका आधिकारिक सपोर्ट डकुमेन्टमा यसको उल्लेख हुनुबाट कम्पनी यसमा सक्रिय रूपमा काम गरिरहेको संकेत मिल्छ । प्रविधि विज्ञहरूका अनुसार यो सुविधा आगामी वर्षबाट चरणबद्ध रूपमा विश्वभर लागू हुन सक्नेछ । यदि यो योजना कार्यान्वयनमा आयो भने वर्षौंदेखि आफ्नो पुरानो र अव्यवसायिक जिमेल एड्रेस प्रयोग गर्न बाध्य प्रयोगकर्ताका लागि यो ठूलो राहत हुने विश्वास गरिएको छ ।

**यौन स्वास्थ्य**

# सुत्ने तरिकाबाट थाहा हुन्छ यौन जीवनको रहस्य

तपाइँ सुत्ने पोजिसन वा तरिकाबाट तपाईको जीवन साथीसँग सम्बन्ध कस्तो छ भन्ने कुरा थाहा पाउन सकिने एक अध्ययनले देखाएको छ । अनलाइन समूहको मैट्रेस अडभाइजरले यस सम्बन्धमा एउटा अनुसन्धान गरेको थियो जसले सुताइको अवस्थाका आधारमा सम्बन्ध पत्ता लगाउन सहज हुने दाबी गरेको छ । अनुसन्धानमा १८ देखि ७३ वर्ष बीचका एक हजार व्यक्तिहरुसँग गरिएका थियो । अनुसन्धानबाट पत्ता लागेको तथ्य अनौठो र निकै रोचक रहेको छ ।



सुत्ने तरिकाले तपाईको शरीरका सबै भागमा असर पर्छ भन्ने कुरामा कुनै शंका छैन । तर अनुसन्धानका क्रममा जब प्रतियोगीलाई कुन आसनमा धेरै सेक्स गर्नु हुन्छ भनेर सोधियो । जुन जोडीले एक अर्काको अनुहार हेरेर सुत्छन् तिनीहरुको सेक्सलाई सबैभन्दा रोमाञ्चित हुन पाइएको छ । त्यसैगरी जुन जोडीले एकअर्कालाई अंकमाल गरेर सुत्छन् तिनीहरुको सेक्स अवधी सबै भन्दा बढी रहने पत्ता लागेको छ ।

यधपी यो कुनै अनौठो कुरा होइन । एकअर्कालाई हेरेर सुत्नु प्याशनेट पोजिशन हो । यस क्रममा जति वेला दम्पत्ति नजिकिन्छन् उक्त उक्त समयमा सधै आँखा जुधि हाल्छ । पछाडिबाट अंकमाल गर्नु एउटा पुरानो आसन हो । जुन यौन आसनको दोस्रो नम्बरमा आउँछ । सुत्ने यो आसनको एउटा राम्रो पक्ष के भने एकअर्कालाई कसिलो अंकमाल गर्दै जोडीहरु गहिरो निद्रामा पर्दछन् । साथै यो आसनमा सुत्दा सेक्सका लागि पनि सहज हुन्छ ।

अंगालोमा सुत्नु त्यो आसन हो जसमा पुरुषले अंगालोमा महिलालाई राख्छ । महिलाले पुरुषको छातीमा टाउको राखेर तकिया जस्तो बनाए आरामदायक तरिकाबाट सोत्छन् । यो आसनको विशेषता भनेको जोडीले एकअर्काको दिलको धडकन सुन्न सक्छन् । यो आसनमा सुतने जोडीले सबैभन्दा रोमान्टिक तरिकाले माया साट्ने अनुसन्धानले बताएको छ ।

साइडबाट अंकमाल मारेर सुत्ने

के तपाई कहिले साथीसँग यसरी टाँसिएर सुत्नु भएको छ ? जसरी कोवाला रुखमा टाँसिएर बसेको हुन्छ । यसलाई साइड हग पनि भनिन्छ । धेरै जसो मानिसहरु यस्तो गर्छन् । साथीसँग यसरी चप्क्क टाँसिएर सुत्न कुरालाई कसले इन्कार गर्न सक्छ र । हुन सक्छ तपाईको यो आसनमा सुत्ने तरिका अरुका लागि तुलनात्मक रुपमा रोमान्टिक नलाग्न सक्छ । तर तपाईको साथीलाई नयाँ कुनै अनुभव गर्न मन लाग्यो भने यो आसन प्रयोग गर्न सक्नु हुन्छ ।

**साहित्य**

कथा

# बाकस

✍धीरकुमार श्रेष्ठ

तपाईको नाममा एउटा बाकस आउदै छ । हाम्रा मान्छेले एकदुई दिनभित्र घरमै ल्याइदिन्छन् । कृपया बुझेको भरपाई पठाइदिनुहोला ।सरलाले फोनमा भद्र आवाज सुनी । कहाँबाट आएको हो ? त्यसमा के छ ? उसमा एकैपटक थुप्रै जिज्ञासा जन्मिए पनि केवल दुईओटा प्रश्न गर्न सकी ।

बाकस तपाईको श्रीमानले काम गर्नुभएको दुबईको कम्पनीबाट आएको हो । भोलि काठमाडौ आइपुग्छ । बन्द अथवा आन्दोलन-हडताल केही भएन र बाटो क्लियर भयो भने पर्सी तपाईको घरमै आइपुग्छ । हामी त्यही प्रयासमा छौ । भद्र आवाजबाट सरलाले पहिलो प्रश्नको उत्तर पाई ।

दोस्रो प्रश्नको उत्तर पाइन । पहिलो प्रश्नको उत्तर नै यति लामो थियो कि दोस्रोको उत्तर आयो आएन भन्ने सरलाले थाहा पाइन । भद्र आवाजले पहिलोको उत्तर दिएर दोस्रोको जानीजानी नदिएको हो अथवा पहिलोको दिद दिँदै दोस्रोको उत्तर दिन उसले स्वयम् भुलेको हो । यो थाहा पाइन सरलाले ।

पहिले कहिल्यै यस्तो भएन । कारण थियो, पति सुबोधको फोन आउने समयको पुर्वजानकारी उसलाई हुन्थ्यो । अघिल्लोपटक फोन गर्दा पछिल्लोपटक गर्ने फोनको मिति, बार र समय भन्थे सुबोध । त्यसपछि फोन आउने दिन र समयको प्रतीक्षामा सरला मात्र होइन, घरका सारा सदस्य बस्थे ।

सुबोधको फोनको प्रतीक्षा सबैभन्दा बढी सरलालाई हुन्थ्यो । सरलापछि उसकी आमा मनदेवीलाई । बाबु तिर्थबहादुरलाई पनि छोराको फोनको प्रतीक्षा नहुने होइन । छोरासग फोनका कुरा गर्ने उसको पालो सबभन्दा पहिले आउथ्यो । बाबुपछि आमाको । आमापछि सरलाको । बाबु र आमासग कुरा गरेर उब्रेको जति समय सुबोध सरलासंग कुरा गर्नमा बिताउथ्यो ।

सुबोधसंग कुरो गरिरहँदा सरलामा मीठो रोमाञ्चको सञ्चार हुन्थ्यो । चुम्बकमा फलाम टासिएकी हुन्थी । पटकपटक एक वर्षो छोराले रिसिभर खोस्न खोज्दा ऊ दह्रो गरी समात्थी । उसलाई लाग्थ्यो, छोराले रिसिभर होइन उसको सुबोधलाई ऊबाट खोस्न खोजेको हो । अरू जुनसुकै कुरामा भागबण्डा गर्न रुचाउने सरला सुबोधमा एकाधिपत्य चाहन्थी । सुबोधको भागबण्डा उसलाई कुनै पनि र्सतमा मञ्जुर थिएन । सुबोधउपर केवल एकल अधिकार स्थापित गर्न चाहन्थी । सुबोधलाई आफूबाट छिन्न खोज्ने जोसुकै भए पनि उसका लागि मञ्जुर थिएन । त्यो चाहे छोरा होस् अथवा सासूससुरा । छोरा भए, पर धकेलेर भए पनि सुबोधउपरको एकाधिकारलाई कायम राख्थी । तर सासूससुरा भए उसलाई सकस पर्थ्यो । त्यही निहुमा बेलाबेला ठाकठुक पर्थ्यो । यो कुरा बुझेका सासूससुरा अब सुबोधको लगाम हाम्रो हातमा छैन' भनी छोराबुहारीसंग निश्चित दूरी कायम राख्थे । यसरी दुवैको सीमारेखा आफसेआफ निर्धारण भयो । आ-आफ्नो सिमारेखा बुझेका सासूससुरा अलग्गिए पछि सरला सुबोधसग निर्धक्क कुरा गर्थी ।

सरलाको आकाश छ्यँङ्ग हुन्थ्यो । कही कतै कालो बादलको टुक्राटाक्री त के धर्सोसम्म हुदैनथ्यो । विशाल आकाशमा सरला निर्धक्क विचरण गर्थी । सुबोध निर्धक्क विचरण गर्थ्यो । दुवैको विचरणमा उतारचढाव र आरोहअवरोहहरू आउथे । उतारचढाव र आरोहअवरोहहरू अरू विषयमा भए सहज समाधान हुन्थ्यो । तर यौन विषयमा पुगेपछि पोखरीबाट बाहिर निस्कन दुवैलाई समस्या पर्थ्यो ।

सरला सुबोधलाई छिटो स्वदेश फर्किन अनुरोध गर्थी । मन भए पनि परिबन्धले गर्दा तत्काल फर्किन नसक्ने विवशता सुबोध प्रकट गर्थ्यो । तर हर पल हर क्षण सरलासगै एकाकार भएर रहेको विश्वास दिलाउथ्यो,

'चराजस्तो उडेर अहिले आउन मन छ । तर के गर्नु आएर मात्र नहुने । अजिङ्गरले बेरेजस्तो बेरोजगारीले सताउछ । केही दिन धैर्य गर । चाडै आउछु । म सधै तिमीसगै हुन्छु । जहिले सपनामा तिमीलाई देख्छु ।

अ होला कस्तो ठीक्क पार्न जानेको लोग्नेमान्छेको जात न हो । स्वास्नीको कुरा के बुझ्थ्यो र र ? सरला अविश्वास प्रकट गर्थी । आउन सक्तैनन् भन्ने जानीजानी छिटो आउन जिद्दी गर्थी । त्यही लुकेको हुन्थ्यो रहस्य । त्यसको उत्खनन सुबोधका लागि सरल भए पनि समाधान जटिल थियो । त्यही जटिलता सरलाका अगाडि राख्थ्यो ।

अ होला वा पाइछ होला नि राम्री-राम्री, अनि .... तीर हान्न चुक्तैनथी सरला ।

सरलाले वाक्य पूरा गर्न पर्दैनथ्यो । कुरो बुझ्थ्यो सुबोध । सरलाले पनि कुरो नबुझेकी कहां हो र तर भौतिक नभए पनि ध्वनिक सन्तुष्टि गुमाउन चाहदिनथी । सुबोधसग गरिएका तिनै वार्तालापको मीठो सम्झनामा उसले अर्को फोनको प्रतीक्ष गर्नुपर्थ्यो । सुबोधसग गरिएका तिनै संवाद प्रतीक्षाका समयका आह्लादकारी साथी हुन्थे । ती संवाद कहिले गुनासा प्रकटमा केन्द्रित हुन्थे भने कहिले एक-अर्कालाई अनुरोध गर्नमा । कहिले उपदेश दिनमा केन्द्रित हुन्थे भने कहिले एक-अर्काका बारेमा जानकारी दिन । जसरी होस् जे गरेर होस् तिनका जहाज खुला आकाशमा उडेको उडेकै हुन्थ्यो ।

सासूससुराहरू मनमनै भुट्भुटिएर यताउति हिडिरहन्थे । सुबोध र सरलाको जहाज जमिनमा उत्रिने नाम लिदैनथ्यो । हुने भए र मिल्ने भए सासूससुराले सरलाको हातको रिसिभर खोसेर याकी गाला 'चडयँम-चडयँम' चड्काउथे । तर अप्रत्यक्षमा जस्तोसुकै हुरीबतास चले पनि प्रत्यक्षमा दुवै शान्त देखिन्थे । शान्त समुद्रजस्तै । तिनको अनुहारलाई हेरेर भन्न सकिन्नथ्यो समुद्रभित्र तीव्र वेगमा सामुद्रिक धार हुडलिएर बगिरहेको छ । कसैले अनुमान गर्न नसकिने सामुद्रिक ज्वालामुखीका तावामा ती भकभक उम्लिरहेका हुन्थे ।

सुबोधसग फोनमा कुरा गर्न पाउदा सरला सारा संसार बिर्सन्थी । सासूससुरा मात्र होइन छोराको समेत हेक्का हुदैनथ्यो । यो कुरो बुझेका सासूससुरा नातिलाई आफूसगै लग्थे । उसैको अनुहारमा सुबोधलाई देख्थे । केटाकेटीमा सुबोधलाई खेलाएको सम्झना ताजा पार्न नातिलाई खेलाउथे । नाति होइन केटाकेटी अवस्थाको सुबोध आफ्नो काखमा छ भन्ने भ्रममा ती सुबोधको अनुपलब्धताको क्षतिपुर्ति गर्थे । यो एउटा विधि थियो सन्तुलित बाच्ने । नखल्बलिई संयमित बाच्ने सरला र सुबोधको भण्डार रित्तिने आश गर्नु बेकार थियो । सासू र ससुरा दुवैले पटकपटक घाटीमा नअड्केको खकार सफा गर्न जबरजस्ती खोकिसक्दा पनि सरला र सुबोध उडिरहन चाहन्थे ।

सासूससुराले आकाशबाट जमिनमा ओराल्न नसकेका सरला र सुबोधलाई समयले ल्यान्डिङ गियर बदल्न बाध्य पार्थ्यो । नचाहदा-नचाहादै दुवै जमिनमा ओर्लिन्थे । त्यति बेलासम्म दुवैको अप्राप्ति सन्तुष्टिको चरणसम्म पुगिसकेको हुन्थ्यो । त्यसैको सहारामा दुवै बाकी दिन बाच्थे । चाडै फोनमा भेट्ने वाचासहित रिसिभर राख्थे । सुबोधका बारेमा त थाहा भएन तर रिसिभर राखेको धेरै बेरसम्म सरला मोहनी लागेजस्ती हुन्थी । एकोहोरिन्थी । सुबोधसग फोनमा कुरा गरेको हयाङओभर निकै समय रहन्थ्यो । त्यस हयाङओभरले पनि उसलाई सुबोधसग सगै बसेजस्तो आनन्द दिन्थ्यो । त्यही आनन्दमा निमग्न हुन्थी सरला ।

त्यही निमग्नतालाई बेलाबेला उग्राइरहन्थी सरला । फुर्सतका समय कटनीको गतिलो माध्यम थियो निमग्नता । छिमेकीहरू झटारो हानेर जिस्क्याउथे पनि । तर झटारो पनि उसका लागि आङ सिरिङ्ग पार्ने मीठो र्स्पर्श हुन्थ्यो ।मीठो र्स्पर्शको आशमा बसेकी बेला भद्र आवाजले फोनमा बाकस आउदै गरेको खबर सुनायो । फोन कहाबाट आयो ? भनी सोध्ने शुद्धिसम्म रहेन । सुबोधको नामसग उसले बिर्सने गरेकी थुप्रै विषयमध्ये त्यो पनि पर्यो । यस कुराको होस उसलाई फोन राखिसकेपछि भयो ।

फोन कहांबाट आएको होला ? भन्ने प्रश्नमा उसले थुप्रै विचारविमर्श गरी । थुप्रै सम्भावनाहरू उसका मनमा आउदै जादै गरे । त्यस्ता सम्भावनामा विदेशस्थित नेपाली राजदूतावास, परराष्ट्र मन्त्रालय, स्थानीय जिल्ला प्रशासन कार्यालय आदि क्रमश: आउदै जादै गरे । तर सरलाको विश्वास कुनै सम्भावनामा अडेन । सरकारी संयन्त्रको नाडी थाहा भएर विश्वास नगरेकी होइन । तर कताकता अनजानमै उसमा त्यस्ता संस्थाप्रति अविश्वास थियो । त्यो जन्मजात थियो अथवा सिर्जित - तर थियो सरलामा । त्यही अविश्वासले सम्भावनाको डोरी म्यानपावर कम्पनीतर्फसोझियो । तर गैरजिम्मेवार रूपमा झर्केर बोल्ने र बोल्नुपर्दा पैसा तिर्नुपर्नेजत्तिकै गर्ने म्यान पावर कम्पनीको बोल्ने शैली एकाएक कसरी परिवर्तन भयो ? कुनै गैरसरकारी संस्थाले तालिम दिएबापतको प्रतिफल हो कि ? यस्तै हुडलोमा सरला परी ।

आ......... जसले खबर गरे पनि खबर गर्यो । कुरो सकियो । बरु बाकसमा के पो होला ? अन्त्यमा चित्त बुझाउने किनारा फेला पारी ।

टी.भी. पठाइदिएको हो भनु भने घर मै छ । कतै ठूलो आकारको रङ्गीन ल्याट्रोन टी.भी. पठाइदिनुभएको हो कि ? सरलाले मनमनै सम्झी ।

घरको ब्ल्याक एन्ड ह्वाइट र सानो आकारको टी.भी.मा मान्छे सानो देखिन्छ । अग्लो विशाल वृक्षजस्तो देखिनुपर्ने मान्छे माखाको पित्त जत्रो देखिदा टी.भी. हेरेको स्वाद हुदैन । धरहराको बार्दलीबाट सडकमा हिडिरहेको लिलिपुटजस्तो मान्छे के हेर्नु । कम्तीमा टी.भी.मा त ठूलो फराकिलो मान्छे देखियोस् । पैसा कमाए भने सबभन्दा पहिला ठूलो, अग्लो र फराकिलो मान्छे देखिने टी.भी. किन्छु । फुच्चे मान्छे हर्दाहर्दा आखा सागुरो भइसक्यो । सरलाले पूर्वस्मृति रिवाइन्ड गरी । सुबोधले गरेका कुरा सम्झी ।

फोनमा धेरै पैसा खर्च हुन्छ । कम्प्युटरबाट च्याटमा कुरा गर्दा थोरै पैसाले पुग्छ । एक-अर्काको अनुहार हर्दै मज्जाले कुरा गर्न पाइछ । भ्वाइसमेलबाट बोलेरै कुरा गर्न मिल्छ । जमाना का हो का पुगिसक्यो हामी चिप्लेकीराको गतिमा छौ । तिमी पनि कम्प्युटर चलाउन सिक र साइबरमा गएर च्याट गर्न सिक । अनि अघाउजी कुरा गर्न पाइछ ।' एकपटक फोनमा सुबोधले भनेका कुरा सम्झी ।

सामान्य कम्प्युटर चलाउन सरलालाई नआउने होइन । कुनै अन्तराष्ट्रिय गैरसरकारी संस्थाले दानमा दिएको कम्प्युटरबाट बिहेअघि स्कुल पढ्दाकै अवस्थामा सिकेकी थिई । केवल च्याट र इमेल गर्ने तरिकाको अभाव थियो । गाउले बजारमा खोलिएको साइबरभित्र छिरेर त्यो पनि सिकी । सुबोधलाई दुईचारपटक इमेल गरी र उसैसग च्याटमा कुरा गरी । सासूससुरालाई पनि आफूसगै लगेर च्याटमा कुरा गर्न लगाई । सुबोधको अनुहारै हेरेर भ्वाइसमेलबाट कुरा गर्न पाउदा हुनुसम्म खुसी भई । तर रहस्यका कुरा गर्न नपाउदा उसको मन कुडियो । निर्धक्क कुरा गर्न नपाउदा असजिलो लाग्यो । त्यही गुनासो गरी । सुबोधले इमेलमा लेख्न भने । त्यसै गरी । चित्त बुझेन । चित्त नबुझेको कुरा इमेलमा लेखी । चित्त नबुझेको कुरा इमेलमा लेखेबापत, कतै कम्प्युटरको सेट नै पठाइदिएका त होइनन् ?सरलाको मनले प्रश्न गर्यो । सुबोधले कम्प्युटर पठाइदिएको हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिन सरलाले । टेलिभिजनभन्दा कम्प्युटरको सम्भावना बढी भयो ।

उसले सासूससुरासग पनि चर्चा गरी । सबैले अनेक सम्भावनाउपर विचार गरे । कसैले घरका सबैलाई लुगाफाटो, कसैले छोराका लागि खेलौना, कसैले फ्जि, कसैले ग्यास चुलो यस्तै-यस्तै सम्भावना प्रकट गरे । सहरको सपना बोकेर गएका सुबोधले यस्तैयस्तै सामग्रीको जोडजाम गरेको हुन सक्ने सम्भावनाउपर विचार भयो । तर कसैले ठोकुवा गरेर भन्न सकेनन् बाकसमा के आउदै छ ? जेहोस् बाकस आउने भनेको पर्सि दिन आयो । बिहानैदेखि घरमा चहलपहल सुरु भयो । बाकस होइन, बाकसका ठाउमा स्वयम् सुबोध आइरहेको भान सबैलाई भयो ।

सरलाले आफूलाई सिगारी ।

छि: कस्ती उत्तँउली लोग्ने आउने भन्दैमा बेहुलीजस्ती सिगारिन पर्छ र कसैको नभएको लोग्ने भन्ला भन्ने पीरले उसले आफूलाई बेहुली बनाइन । नभए फेरि एकपटक बेहुली बन्ने रहर जागेको हो ।

आ .... भन्नेले जेसुकै भनोस् । मुख थुन्न कसले पो सकेको छ र आफूलाई मन लागेको गर्ने हो ।एकचोटि मसक्क आटेकी हो । तैपनि बेहुलीजस्तो सिगार्न सकिन । तर अरू दिनभन्दा बढी सिगारी । पहिलो नजरमै सुबोधको मन हर्ने सुन्दरीमा आफूलाई रूपान्तरित गरी । सिउदोमा अरू दिनभन्दा बढी सिदुर, गलामा मोटो रातो पोते, कानमा गोलो घेरो भएको कुन्डल, हातभरि 'छन्-छन्' बज्ने चुरा, पाउमा पाउजेब लगाई । उसको त्यो रूप सुबोधलाई औधी मन पर्थ्यो । उसले आफूलाई सिगार्दा सुबोधलाई मन पर्ने र मन नपर्ने कुराको ख्याल गरी । प्रत्येक सिगारका सामान हातमा लिदा सबभन्दा पहिले सुबोधको रुचि सम्झी । उसलाई मन नपर्ने कुनै सिगार गरिन ।

उसका प्रत्येक पाइला र गतिविधिले एउटा मीठो तरङ्ग तरङ्गित गर्यो । त्यसैको धुनमा सबैले बिर्सर बोँध होइन बाकस आउदै छ । अन्तत: धुलौटे डगरमा कालो रङको जिप धुलो उडाउदै आउदै गरेको देखियो । जिपको पाङ्गाले उडाएको धुलोले डुब्न लागेको घामको रातो गोलो घेरोको उज्यालो छोपियो । गाउका केटाकेटी रमाउदै जिपको पछिपछि कुदे । गाउका अरू पनि झुम्मिए ।

जिप सरासर सरलाको घरअगाडि रोकियो । सबैजनाले सुबोध खोजे । सुबोधको सट्टा जिपबाट बाकस निस्क्यो । आगनको बीचमा राखियो । कसैलाई विश्वास भएन सुबोध होइन, बाकस आएको हो । सबै सुबोध खोज्न थाले । विश्वास नलागेर कसैकसैले दायाबाया हेर्न नसक्ने गरी दुवै हत्केलाले दुई आखा छेकेर जिपभित्र हेरे । सुबोध थिएन । अनि आगनमा लमतन्न बाकसतिर लागे । सबैको ध्यान बाकसमा केन्द्रित भयो । आमा, बुबा र सरला सुबोधको सट्टा बाकस आएको मान्न तयार भएनन् । बरु केटाकेटीदेखिको जिस्किने बानी गएको रहेनछ भन्ने सम्झे । सबैलाई छकाउन ऊ बाकसभित्र लुकेको छ । बाकसभित्र सुतेर छकाउन खोजेको हो भन्नेमा आमा, बुबा र सरला विश्वस्त भए ।

बाकसको खापा उघारियो । बाकसभित्र सुबोध मजाले सुतेको थियो । निद्रा नखल्बलियोस् भनी सेतो पारदर्शी प्लास्टिकले छोपिएको थियो । गर्मी नहोस् भनी वरिपरि बरफका टुक्रा थिए ।

कसैले सुबोधको मीठो निद्रा बिथोलेनन् । सरलाले पनि । ऊ हेरेको हेर्यै भई । सुबोधलाई मीठो निद्रा निदाउन दिई । घचघच्याएर उठाउने साहस गरिन । मोहनी लागेको जस्तो सुबोधको अनुहारमा हेरिरही । उसको हेराइको चुम्बकीय आकर्षाको भेउ सबभन्दा पहिले सासूले थाहा पाई । मुटु हल्लियो । हंसले ठाउ छाडयो । आफूभन्दा बुहारीको अवस्थाले सतायो । क्यै बिघ्न नपरोस् भनी कुममा हल्लाएर ब्यूझाउन खोजी । तर अबेर भइसकेछ । सुबोधकै छेउमा सरला डङ्ङ लडी । अलिकति खाली ठाउ बचेको रहेछ । त्यसको पुर्ति गरी ।

# नेपाली एआई गीत: रमाइलो कि खतरा ?

कतै सुने-सुने जस्तो, चिने-चिने जस्तो एउटा स्वर गुञ्जिरहेको छ । गीतका शब्द ठीक छन् । भाका मन भुलाउने नै छ । गीत फेरि सुनुँ-सुनुँ जस्तो नै छ, आखिर मा यति मिठो गीत गाउने को कलाकार रहेछन् ? बानेश्वरको एक क्याफेमा बसेर २२ वर्षीय यमन श्रेष्ठ गीत सुन्दै काम गरिरहेका थिए । प्राय: पृष्ठभूमिमा गीत बजाएर काम गर्ने उनको बानी छ । तर, उक्त गीतले उनको ध्यान तान्यो । स्वर मन पर्‍यो । त्यसपछि उनले डेस्क्रिप्सन, टाइल हेरे । उनलाई कुनै नयाँ सांगीतिक ब्यान्ड जस्तै लाग्यो । त्यसपछि उनले च्यानल हेरे । अनि पो बल्ल, थाहा पाए-त्यो त एआईको सहयोगमा तयार पारिएको गीत रहेछ । च्यानलले एआईसिर्जित गीत मात्र हाल्ने रहेछ ।




यो एउटा व्यक्तिगत प्रसंग भयो । तर अहिले यसैगरी झुक्याउने क्षमता राख्ने एआईनिर्मित गीतहरू सामाजिक सञ्जालमा छ्यापछ्याप्ती हुन थालेका छन् । चाहे त्यो आदित्य श्रेष्ठको पहिलो हाँसो पहिलो बोल सब याद छ...' होस् या 'पियारापियारी'को भाइरल टुक्का । यस खालका उदाहरण जति पनि दिन सकिन्छ । अझ युट्युब च्यानल नै खोलेर एआई गीत लगातार अपलोड गर्नेहरूको संख्या पनि थुप्रै छ ।

यी सबका पछाडि एआई टुल्सको क्षमता कारण छ । आजकल एआईले टेक्स्ट, भिडियो, फोटो र संगीत जस्ता सिर्जनात्मक काम गर्न सामर्थ्य राख्छन् । त्यस्तो काम अत्यन्तै सजिलो र सर्वसुलभ छ । जसकारण एआई निर्मित सामग्री जताजतै देखिन थालेको जानकारहरूको भनाइ छ ।

यद्यपि यसको सकारात्मक बाहेक डरलाग्दो पक्ष रहेको छ । न्यूयोर्क टाइम्सको एक लेखका अनुसार धेरै कलाकार र उनीहरूको कामको स्वामित्व राख्ने व्यवसायीहरूका लागि एआईको प्रयोग हुनु खतरा हो । किनकि एआईले मानिसले बनाएका कामहरूको दुरुस्तै नक्कल उतार्न सक्छन्, जसले बजारलाई कमजोर बनाउँछ । साथै एआईले कलाकारहरूको अनुमतिबिना नै उनीहरूको कामलाई 'ट्रेनिङ डेटा' को रूपमा प्रयोग गर्न सक्छन् ।

हालसम्म नेपालमा एआईको 'ट्रेनिङ'का लागि सर्जकका सिर्जनाहरू चोरिएको, एआई कम्पनीसँग मुद्दा परेको, एआई टुल्सविरुद्ध कलाकारहरू लागिपरेको जस्ता कुनै घटना सार्वजनिक भएका छैनन् । यद्यपि संगीत सिर्जना र श्रोताको व्यवहारमा भने एआईले राम्रै प्रभाव पारेको जानकारहरू बताउँछन् । च्याटजीपीटी, कोपाइलट, सुनो जस्ता एआई टुल्सलाई ठूलो डेटामा तालिम दिइन्छ, त्यसकै आधारमा उनीहरूले नतिजा दिने हुन् । यदि डेटा भएनन् भने एआई टुल्सले काम गर्न सक्दैनन् । डेटाको अभाव राम्रो नजिता दिन सक्दैनन् ।

यद्यपि न्यूयोर्क टाइम्सकै उक्त लेखका अनुसार अहिले विश्वमा मुख्यतया तीन विषयमा ठूला बहसहरू भइरहेका छन्: १. सर्जकहरूलाई के दिने ? २. 'फेयर युज' लागू हुन्छ कि हुँदैन ? ३. एआईले बनाएको सामग्रीको मालिक को ? संक्षिप्तमा भन्दा पश्चिमा कलाकारहरूले आफ्नो काम एआईलाई सिकाउन प्रयोग गर्दा उनीहरूको अनुमति लिइनुपर्छ र उचित मुआब्जा दिनुपर्छ भनेर आवाज उठाइरहेका छन् । त्यस्तै मानव निर्मित कामले मात्र प्रतिलिपि अधिकार पाउने व्यवस्था छ । तर, बाँकी प्रश्नको उत्तर भने अझै अन्योल नै छ ।

यस्तो पृष्ठभूमिमा हामीले नेपालको परिस्थिति हेर्नु आवश्यक छ । के नेपालमा पनि कलाकारहरू यो प्रवृत्तिबारे जानकार छन् ? एआईका कारण नेपाली कलाकारहरूलाई के-कस्तो खतरा छ ? एआईलाई लिएर नेपाली कलाकारहरूले के सोचिरहेका छन् ? एआईले नेपाली कलाकाहरूलाई कस्तो असर र अवसर दिइहरेको छ ? नाम नखुलाउने सर्तमा एक एआई अध्येताले गोप्य रूपमा नेपाली गीतहरू एआईको ट्रेनिङमा प्रयोग भइरहेको बताए ।

### ती कलाकारसँग गरेको कुराकानीको अंश:

अहिले मुख्यतया: नेपालीहरूले गीत बनाउन सुनो एआई प्रयोग गरिरहेका छन् । सन् २०२३ को सुरुतिर स्थापित यो एक अमेरिकन् कम्पनी हो । सायद यसका मालिकलाई नेपाली गीतसँग कुनै सम्बन्ध छैन । तर, पनि बजारमा उपलब्ध विभिन्न टुल्समध्ये नेपाली भाषाको गीत सिर्जना गर्न यो टुल सबैभन्दा राम्रो मध्येको एक छ । यो टुल्सले नेपाली शब्दहरू कसरी उच्चारण गरिन्छन् र तिनको लय कस्तो हुन्छ भन्ने पनि सिकेको छ ।

नेपाली भाषामा भजन, दोहोरी, आधुनिक, पप जस्ता फरक-फरक विधा छुट्याएर पनि यसले गीत बनाउन सक्छ । गायन र उच्चारणमा हिन्दी लवज पनि आउँदैन । यो कसरी सम्भव भयो ? यो नेपाली गीतको 'अत्यन्त' ठूलो डेटाबिना सम्भव छैन । त्यसमा नारायण गोपाल, उदित नारायण झादेखि अहिलेका चल्तीका गायकहरूको गीतलाई सुनो एआई जस्ता कम्पनीले तालिममा प्रयोग गरेको हुन सक्छ । तर, यी कुरा बढी प्राविधिक र जटिल हुने भएकाले त्यति चासो राखेका हुँदैनन् ।

ती अध्येताले भनेजस्तै अधिकांश कलाकारहरूसँग कुराकानी गर्दा सुनो जस्ता एआई टुल्सले नेपाली गीत कसरी बनाउन सक्यो, अनविज्ञ छन् । कलाकारहरूको गीतलाई एआई टुल्सको तालिमबाट रोक्न केही समयअघि युनिभर्सल म्युजिक ग्रुपले स्पोटिफाइ र एप्पल लगायतका म्युजिक स्ट्रिमिङ प्लेटफर्महरूलाई संगीत संकलन (स्क्रापिङ) गर्नबाट रोक्न निर्देशन दिएको थियो । तर, नेपालमा कुनै पनि संगीतका संघसंगठनहरूले यस्तो कुरा गरेको सुनिएको छैन ।

यद्यपि एआईले संगीत क्षेत्रलाई प्रभाव पार्न सक्ने कुरामा कलाकारहरू आंशिक सचेत देखिन्छन् । जुन सकारात्मक चिन्तन पनि हो । काठमाडौं विश्वविद्यालयका आर्टिफिसियल इन्टेलिजेन्स विभाग सहायक प्राध्यापक डा. यज्ञराज पाण्डेयका अनुसार संगीत कम्पोजरहरूका लागि एआई खतरा देखिएको छ । यस क्षेत्रमा रोजगारी पाइरहेका धेरै व्यक्तिहरू एआईका कारण बेरोजगार हुने हो कि भन्ने चिन्ताको विषय बनेको उनी बताउँछन् ।

यो प्रवृत्ति कल सेन्टरमा आएको परिवर्तनजस्तै भएको उनको भनाइ छ । त्यसको मुख्य कारण एआईको प्रयोगले संगीतको उत्पादन लागतलाई उल्लेख्य रूपमा घटाउने उनको विश्लेषण छ । मेहनती कलाकारहरूका लागि एआई हाबी हुनु एकदम दु:खको कुरा भएको र त्न राज्यलक्ष्मी क्याम्पसका संगीत विभाग प्रमुख अजर जङ्गम बताउँछन् । उनले संगीत सर्जकहरूका लागि एआई 'श्राप' समान भएको संज्ञा दिए ।

'कला सिक्न वर्षौं लाग्छ । धेरै तपस्या गर्नुपर्छ । तर, एआईले आफ्नो एल्गोरिदम प्रयोग गरेर नयाँ-नयाँ आइडियाहरू सेल्फ डेभलप गरी एकदम छिटो तरिकाले काम गरिरहेको हुन्छ' उनले भने, 'एउटा कलाकारले दक्षता हासिल गर्न कति पढेर, मेहेनत गरेर काम गरेको हुन्छ । एआईको आगमनले धेरै ठूलो असर गरेको देखिन्छ ।'

कलाकार समेत रहेका सन्नी महत पनि एआईले सिर्जना गरेका सामग्रीले कलाको क्षेत्रमा मात्र नभई वास्तविक जीवनमा समेत प्रभाव पार्न थालेको सुनाउँछन् । उनका अनुसार अहिले नै कतिपय श्रोताहरूलाई एआई-जेनेरेटेड गीतहरूले झुक्याइरहेको छ । श्रोताको त्यस्तो 'डिल्युजन' (भ्रम) ले गर्दा अनलाइनबाट कलाकारले गर्ने आम्दानी (रेभिन्यू) भने क्रमिक रूपमा घट्न सक्ने उनको अनुमान छ ।

धेरै कलाकारका गीत संगीत तथा सामाजिक सञ्जाल व्यवस्थापनमा सहयोग गरिरहेका राजेन्द्र अर्यालका अनुसार एआई जेनेरेटेड गीतहरू युट्युबमा हाल्दा आम्दानी गर्न सकिन्छ । अन्य प्लेटफर्ममा अलि कडाइ गरेता पनि युट्युबबाट भने त्यस्ता च्यानल सञ्चालकहरूले आम्दानी गर्न सक्ने उनले बताए । त्यसरी पैसा आउने भएकाले नै एआई गीतहरू यति धेरै हालिरहेको उनको भनाइ छ । सामाजिक सञ्जाललाई ट्र्याक गर्ने सोसल ब्लेडमा त्यस्ता च्यानलहरूको तथ्यांक हेर्दा एउटा च्यानलले औसतमा मासिक एक हजार डलर सम्म कमाइ गर्ने देखियो ।

### एआई गीतमा के हुन्छ ? के हुँदैन ?

छोटो समयमा नै गन्न नसकिने गरी एआईनिर्मित गीत आइसके । तर ती सबै गीतमा मानवीय 'प्यासन'को अभाव हुने सन्नी महत बताउँछन् । एआईनिर्मित गीत 'रोबोटिक' हुने र वास्तविक कलाकारको आवाजमा हुने भावनात्मक गहिराइ कहिल्यै ल्याउन नसक्ने उनको भनाइ छ ।

त्यस्तै एआई र संगीतलाई नजिकबाट हेरिरहेका काठमाडौं विश्वविद्यालयका आर्टिफिसियल इन्टेलिजेन्स विभागका सुनिल रेग्मी पनि एआई संगीतहरूमा कुनै भावना नहुने, फुस्रो हुने बताउँछन् । 'संगीतलाई सामान्यतया मुड वा फिलिङसँग जोडेर हेरिन्छ । संगीतकारले कुनै मुडको आधारमा वा शब्दको आधारमा फिलिङ सोचेर संगीत कम्पोज गरेका हुन्छन्,' उनले भने, 'तर एआईले बनाउने गीतमा कुनै फिलिङ असोसिएट भएर आएको हुँदैन ।'

त्यस्तै उनले एआई गीतहरूमा प्राविधिक अपूर्णता हुने पनि बताए । एआईले बनाएको गीत/संगीत कानलाई सुहाँउदो भएता पनि यसमा अझै पनि प्राविधिक कमजोरी हुने उनको भनाइ छ । अनि नेपाली परिवेशमा यो ट्रेन्ड नयाँ भएकाले धेरै एआई गीतहरू भाइरल भइरहेको पनि उनले सुनाए ।

### नेपाली कलाकारमा प्रभाव र अवसर

कलाकारहरूका लागि एआई 'प्रोडक्सन' तहमा खतरा हुने जानकारहरू बताउँछन् । केही निर्देशनकै भरमा गीतको शब्द तयार हुन्छ, गीतको भाका तयार हुन्छ । त्यो प्रमुख समस्या हो । तर एआईले पैसा नभएको अथवा स्टुडियोमा जान सामर्थ्य नराख्नेका लागि भने सौख पूरा गर्न सहयोग गर्ने महतको भनाइ छ । महतले भने जस्तै एआईले संगीत सिर्जनालाई लोकतान्त्रिक बनाउँछ । किनकि अब गीत बनाइरहन अरु कसैको भर परिरहनुपर्दैन ।

तर, यसबाहेक कलाकार हरूको डिजिटल आम्दानीलाई कमी गर्नु, कलाकारको बौद्धिक सम्पत्ति हनन् गरेर गीतहरू एआई तालिममा प्रयोग गर्नु, प्रतिलिपि अधिकार हनन् हुनु जस्ता प्रमुख समस्या रहेको महत बताउँछन् । जस्तो, एआई गीत बनाउन प्रयोग गरिरहेको सुनो एआईले पैसा तिरेको खण्डमा त्यसको प्रतिलिपी अधिकार उक्त प्रयोगकर्तालाई नै दिने गर्छ । तर, नि: शुल्क गीत बनाउँदा भने त्यसको प्रतिलिपी ऊ आफैंले राख्छ । यो कुरा रोयल्टीसँग पनि सम्बन्धित छ ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका सूचना अधिकारी उत्तम प्रसाद दुवाडीका अनुसार एआई निर्मित सामग्रीको प्रतिलिपि अधिकार पाईदैन । नेपालमा अहिलेसम्म एआई निर्मित सामाग्रीको प्रतिलिपि अधिकार लिन कोही नआएको, तर आए पनि ती पक्षले नपाउने उनले स्पष्ट पारे ।

यसरी नेपाली एआई गीतहरू बढ्दै जाँदा त्यसले श्रम, पहिचान र आम्दानीमा चुनौति पनि थप्दैछ । सँगै भावना, मौलिकता र कलाकारको मूल्य सुरक्षित राख्दै एआईलाई उपयोग गर्न सकिने विकल्प पनि आउँछ । यस्तोमा एआई गीतहरू रमाइलो मात्र हुन् कि साँच्चै खतरा हो, बहस त्यता केन्द्रित हुँदै गइरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# बुद्यौली साहित्य समाज रौतहटसर्लाहीको प्रथम अधिवेशन




साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ बुढ्यौली साहित्य समाज रौतहट, सर्लाहीको आयोजनामा श्री ५ महेन्द्रजनता माध्यमिक विद्यालय कर्मैया सर्लाहीमा संस्थाको प्रथम अधिवेशन तथा एघारौं श्रृंखला सम्पन्न भएको छ ।

कार्यक्रममा मधेश प्रदेशका बारा, महोत्तरी, रौतहट, पर्सा तथा सर्लाहीका साथै वागमती प्रदेशको मकवानपुर तथा सिन्धुलीका साहित्यकारको राम्रो उपस्थिति थियो । सहभागी स्रष्टामध्ये कुमार दाहाल कुसुम, माधव काफ्ले, लालबाबु शर्मा, बाबुराम फुँयाल, लक्ष्मण पोखरेलले छन्द कविता तथा राम उदित, शम्भु गजुरेल, नारद काफ्ले, भवानी घिमिरे, सीता पन्थी, मीना देवकोटा, अमरिस भगत, टंक उप्रेती, लीला खड्का, लक्ष्मण पौडेल, अर्चना लुईँटेलले गद्य कविता वाचन गरेका थिए । यसैगरी हरिकृष्ण काफ्ले र प्रदीप धनञ्जयले मुक्तक तथा धनमाया राई तथा सुमित्रा आचार्यले गजल सुनाएका थिए ।

कार्यक्रममा बुढ्यौली साहित्य समाज गठन अभियानमा सक्रिय रहेवापत नियात्राकार रमेशमोहन अधिकारीलाई र कार्यक्रमको प्रायोजन गरिदिएवापत रमेशकुमार निरौलालाई सम्मान गरिएको थियो । घनश्याम पन्तले सञ्चालन तथा रेणु गुप्ताले स्वागत गरेको कार्यकममा सभाध्यक्षता संस्थाका अध्यक्ष लम्बोदर काफ्लेले गरेका थिए । रामचन्द्र कुशवाहाको संयोजकत्वमा सञ्चालित बन्दसत्रले घनश्याम पन्तको अध्यक्षतामा एघार सदस्यीय कार्यसमिति चयन गरेको छ । जसअनुसार उपाध्यक्षमा रेणु गुप्ता, सचिवमा किसुनदयाल यादव, कोषाध्यक्षमा राम उदित तथा सदस्यमा मीना देवकोटा, मुकेश मिश्र, टंक उप्रेती, अर्जुन थापा, केदार सिग्देल रहेका छन् ।

# प्रगति माविले शिक्षक र पूर्वविद्यार्थी भेला गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयले शनिबार शिक्षक, कर्मचारी तथा पूर्वविद्यार्थीको भेला गर्ने भएको छ । विद्यालय स्थापनाको ५० औं वार्षिकोत्सव तथा स्वर्ण जयन्तीको अवसरमा माघ ६ देखि ९ गतेसम्म आयोजना हुने विविध कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न भेला आयोजना गर्न लागेको प्रधानाध्यापक किशोर पराजुलीले जानकारी दिए ।

विद्यालयको पूर्वविद्यार्थी तथा पत्रकारिता पेशामा आबद्ध व्यक्तिसँग अनौपचारिक छलफलको आयोजना गरी विद्यालयले भेलाको विषयमा जानकारी गराएको हो । समारोहलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि सुझाव संकलन, अनुभव आदानप्रदान, शिक्षक विद्यार्थी पुनर्मिलनका साथै चियापन कार्यक्रम राखिएको पराजुलीले बताए । भेला शनिबार बिहान ८ बजेबाट सुरु हुनेछ । २०३२ सालबाट औपचारिकरुपमा विद्यालयको मान्यता प्राप्त गरी संचालनमा आएको विद्यालयले सरस्वति पूजाको दिन भव्य कार्यक्रम गरी स्वर्ण महोत्सव मनाउने तयारी गरिरहेको छ । विद्यालयले पुष २६ र २७ गते महिला शिक्षक भलिबल कार्यक्रमको आयोजना गरेको छ ।

स्वर्ण जयन्तीको अवसरमा शिक्षकको पेशागत अभिवृद्धिका लागि जिल्लास्तरीय शिक्षक सम्मेलन, विद्यार्थीका लागि साहित्यिक कार्यक्रम, स्मारिका प्रकाशन र सांस्कृतिक कार्यक्रम गरी मनाउने तयारी गरेको छ । यसका लागि विद्यालयले पूर्वविद्यार्थी, शिक्षक, कर्मचारी, शुभचिन्तकसँग सहयोगको अपिल गरिरहेको छ । विद्यालयलाई प्राप्त भएको सहयोग रकमबाट विद्यालयको पहिलो प्रधानाध्यापक राधादेबी शाहको प्रतिमा निर्माण गर्ने र विद्यालयको अक्षयकोष निर्माण गरी गरिब असहायलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको प्रधानाध्यापक पराजुलीले बताए । स्वर्ण जयन्तीको अवसरमा आयोजित विविध कार्यक्रमका लागि ७/८ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । जसका लागि विद्यालयले पूर्व कर्मचारी, शिक्षक र विद्यार्थीसँग सहयोगको अपिल गर्दै आएको छ ।

# जेनजी घाइतेको उपचार ८१ अस्पतालमा, २२ ले मात्रै पठाए ७ करोडको बिल

काठमाडौं/गत भदौ २३ र २४ मा जेनजी आन्दोलनको क्रममा २ हजार ५३२ जना घाइते भए । स्वास्थ्य मन्त्रालयका अनुसार घाइतेको ८१ वटा स्वास्थ्य संस्थाले उपचार गरेको थियो । सरकारले घाइते बिरामीको उपचार नि:शुल्क गरेसँगै विवरण पठाउन स्वास्थ्य संस्थालाई अनुरोध गर्‍यो ।

यसबीचमा पटक-पटक स्वास्थ्य मन्त्रालयले स्वास्थ्य संस्थालाई बिलसहित विवरण पठाउन तोकता गर्‍यो । तर अहिलेसम्म २२ वटा स्वास्थ्य संस्थाले मात्रै विवरण पठाएका छन् । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार २२ वटा संस्थाले ७ करोड २५ लाखको भुक्तानी माग गरेका छन् ।

प्रवक्ता बुढाथोकीका अनुसार, मन्त्रालयले स्वास्थ्य संस्थाहरूलाई तीन किसिमको जानकारी मागेको थियो । घाइतेको विवरण, स्वास्थ्य संस्थाले नि:शुल्क गरेको खर्चको विवरण, र सरकार को अनुरोधमा उपचार गरिएको भए बिलको विवरण ।

तर, तीन महिनाभन्दा बढी समय बितिसक्दा पनि ५९ स्वास्थ्य संस्थाले उपचार खर्चको पूर्ण विवरण पठाउन सकेका छैनन् ।

### जेनजी आन्दोलनका घाइते सिंहदरबारअगाडि

प्रवक्ता बुढाथोकीका अनुसार मन्त्रालयले असोज महिनाको अन्त्यदेखि नै स्वास्थ्य संस्थाहरूलाई फोनबाट फलोअप गर्दै आएको छ । '८१ वटा स्वास्थ्य संस्थाले घाइतेको उपचार गरेको जानकारी दिएका थिए र घाइतेको विवरण पनि पठाए,' डा. बुढाथोकीले भने, '७ पटकभन्दा बढी ताकेता गरियो । तर २२ वटा स्वास्थ्य संस्थाले मात्रै खर्चको विवरण पठाए ।'

मन्त्रालयले स्वास्थ्य संस्थाहरूलाई पटक-पटक भर्चुअल बैठकमार्फत आग्रह गरे पनि सबैबाट समयमै विवरण आएको छैन । किन स्वास्थ्य संस्थाले विवरण पठाउन ढिलाइ गरे ? भन्ने प्रश्नमा बुढाथोकी भन्छन्, 'कतिपय अस्पतालले आकस्मिक अवस्थामा उपचार गर्नुपर्दा रेकर्ड राख्न नसकेको भन्छन् । कोहीले विवरण मिलाउँदै गरेको जवाफ दिएका छन् ।'

स्वास्थ्य संस्थाले महिनौं बितिसक्दा खर्चको विवरण नपठाउँदा भुक्तानी प्रक्रियामा समस्या भएको डा बुढाथोकी बताउँछन् । मन्त्रालयले घाइतेको उपचार खर्च जतिसक्दो छिटो टुंग्याइदिन पुन: सूचना नै जारी गरेको छ ।

### विवरण आएका अस्पतालको भुक्तानी प्रक्रिया कसरी हुन्छ ?

२२ वटा स्वास्थ्य संस्थाको भुक्तानी प्रक्रियाअगाडि बढाउन मन्त्रालयले नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखामा विवरण पठाएको छ । त्यसपछि महाशाखाले मन्त्रिपरिषद्मा रकम पेस गर्नेछ । विवरण नभएको हकमा के हुन्छ? डा. बुढाथोकीले भन्छन्, 'उपचार गर्दा लागेको खर्च दिँदैनौं भन्न अलि गाह्रो छ । तर, पूर्ण विवरण नआएसम्म भुक्तानी गर्न सक्दैनौं ।'

### "जीवनभरको उपचार सरकारले नै गर्छ"

सरकारले जेनजी प्रदर्शन तथा आन्दोलनमा घाइते भएकाहरूलाई मासिक रूपमा निर्वाह भत्ता दिने भएको छ । घाइतेहरूको अपाङ्गताको अवस्था र गम्भीरताका आधारमा आर्थिक सहायता तथा जीवन निर्वाह भत्ता उपलब्ध गराउने निर्णय भएको डा. बुढाथोकी बताउँछन् ।

स्वास्थ्य मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित प्राविधिक समितिले घाइतेहरूलाई साधारण, मध्यम, गम्भीर र अति गम्भीर गरी चार वर्गमा विभाजन गरिएको छ । कार्यविधिअनुसार मध्यम घाइतेले मासिक ४ हजार, गम्भीर घाइतेले मासिक ९ हजार र अति गम्भीर घाइतेलाई जीविकोपार्जन भत्ताबापत मासिक १८ हजार दिइने जनाएको छ ।

घाइतेको दीर्घकालिन उपचार सेवा र सुविधा नै सरकारले नै गर्ने मन्त्रालयले जनाएको छ । घाइतलाई फलोअपका लागि १६ संघीय अस्पताल र प्रतिष्ठान र सरकारले नै सञ्चालन गरेको क्लिनिकमार्फत गर्न सकिने जनाएको छ । यसको लागि भने घाइते कार्ड अनिवार्य रुपमा चाहिन्छ ।

डा. बुढाथोकी भन्छन्, 'यसभन्दा अगाडि जेनजीको घाइते भनेकै आधारमा नि:शुल्क सेवा दिएका छौं । तर अब फ्लोअपमा आउने र औषधिहरू चाहिने बिरामीलाई घाइतेको परिचय पत्र अनिवार्य चाहिन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# आदिवासी महिला महासंघ बागमती प्रदेश अध्यक्षमा देवीमाया

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ बागमती प्रदेश अध्यक्षमा देवीमाया लिम्बुदेवान चयन भएकी छिन् ।

शुक्रबार हेटौंडामा भएको महासंघको बागमती प्रदेशस्तरीय तेस्रो अधिवेशनले देवानको नेतृत्वमा ९ सदस्यीय प्रदेश कार्यसमिति सर्वसम्मत रुपमा चयन गरेको हो । कार्यसमितिको उपाध्यक्षमा जानकीकुमारी चौधरी, सचिवमा प्रतिक्षा माझी, सहसचिवमा सानमाया गुरुङ तथा कोषाध्यक्षमा राधा कारन्जीत चयन भएका छन् । त्यसैगरी सदस्यमा मैना दनुवार, बिना बोटे, मन्जु शेर्पा र रामकुमारी थामी चयन भएका छन् । महासंघकी केन्द्रीय अध्यक्ष डिमि शेर्पाको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।




अधिवेशनले आदिवासी महिलाको हकअधिकार संरक्षण, सामाजिक सशक्तिकरण र संगठन विस्तारलाई प्राथमिकता दिने निर्णय गरेको छ । कार्यक्रम महासंघ केन्द्रका कार्यक्रम अधिकृत हीरा तामाङको संयोजनमा भएको हो । अधिवेशन सम्पन्न भएसँगै नवनिर्वाचित पदाधिकारी तथा सदस्यलाई शपथग्रहण गराइ प्रमाणपत्रसमेत वितरण गरिएको छ ।

मुख्यमन्त्री बानियाँ भन्छन्:

# दुग्ध क्षेत्र विस्तारमा प्रदेश सरकार सधैं साथमा

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ कमलामाई सामाजिक उद्यमी महिला दुग्ध सहकारी संस्थाद्वारा निर्माण गरिएको दूध संकलन तथा चिस्यान केन्द्रको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले शुक्रबार उद्घाटन गरेका छन् ।

कमलामाई नगरपालिका-४ ढकालगाउँमा आयोजित कार्यक्रममा बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत २५ लाख रुपैयाँको 'मिल्कीवे' परियोजना र थप ४० लाख रुपैयाँसहित करिब ६५ लाख रुपैयाँको लगानीमा निर्माण भएको केन्द्रको मुख्यमन्त्री बानियाँले उद्घाटन गरेका हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले दुग्ध संकलन तथा चिस्यान केन्द्रको सञ्चालन र विस्तारका लागि प्रदेश सरकार सधैं सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरे ।



गरिबको आयआर्जन वृद्धि, स्वास्थ्य र न्याय सुनिश्चित गर्नु नै गणतन्त्रको मूल धर्म भएको उल्लेख गर्दै उनले पूँजी विकास र कर संकलनमार्फत जनतालाई सेवासुविधा उपलब्ध गराउनु राज्यको मुख्य जिम्मेवारी भएको बताए । मुख्यमन्त्री बानियाँले सहकारीमा हाल रहेका ८० वटा गाईलाई आगामी दिनमा क्रमशः विस्तार गर्ने योजना रहेको जानकारी दिए । दुग्ध उत्पादनमार्फत् गरिब परिवारलाई आत्मनिर्भर बनाउने अभियानमा महिला दिदीबहिनीको भूमिका महत्वपूर्ण रहेको बताउँदै उनले तीनै तहका सरकारलाई सहयोगका लागि आग्रह गरे ।

उनले बागमती प्रदेश सरकारले गरिब तथा विपन्न एक हजार घरपरिवारलाई बिनाधितो दुई लाख रुपैयाँसम्म सहयोग उपलब्ध गराउने नीति अघि बढाएको जानकारी दिए । कृषि, खेती, गाईपालन, मौरीपालन, कुखुरापालन, बाख्रापालन तथा तरकारी खेतीजस्ता क्षेत्रमा संलग्न हुन इच्छुक परिवारलाई स्थानीय तहसँग समन्वय गरी सहयोग प्रदान गरिने र यो रकममा ब्याज नलाग्ने व्यवस्था गरिने बताए । दुईदेखि तीन वर्षसम्मको कार्यविधि बनाएर कार्यक्रम कार्यान्वयन गरिने उनको भनाइ थियो । प्रदेश भनेको विकास, भूगोल, पहिचान र नेतृत्वको प्रतिस्पर्धा भएको उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले समावेशी र दिगो विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको स्पष्ट पारे ।

**अस्पतालसँगै व्यवस्थित सहर र नगरमा सरकारको योजना लहर: मुख्यमन्त्री बानियाँ**

त्यसैगरी मुख्यमन्त्री बानियाँले सिन्धुलीको कमलामाई नगरपालिका-६ सिन्धुली अस्पतालको नयाँ भवनको समुद्घाटन गरेका छन् ।

करिब २७ करोड रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको अस्पतालमा नेपालकै पहिलो इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणालीको औपचारिक सुरुवात गरिएको छ । उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले प्रदेश सरकारले बागमती प्रदेशका १३ वटै जिल्लामा रहेका अस्पताललाई व्यवस्थितरुपमा सञ्चालन गर्न भौतिक पूर्वाधारसँगै गुणस्तरीय, विश्वसनीय स्वास्थ्य सेवाप्रवाहका लागि आवश्यक जनशक्ति, उपकरण तथा औषधिको व्यवस्था मिलाउँदै आएको बताए । आवश्यक परे थप व्यवस्था गर्न प्रदेश सरकार सधैं तयार रहेको प्रतिबद्धता उनले व्यक्त गरे ।

मुख्यमन्त्री बानियाँले हाल ५० शैयाको रुपमा सञ्चालन भइरहेको अस्पताललाई १०० शैयामा विस्तार गर्न आवश्यक थप भवन निर्माणका लागि करिब ५० लाख रुपैयाँ र अन्य आवश्यक पूर्वाधार निर्माणका लागि प्रदेश सरकारले तत्काल बजेट व्यवस्था गर्ने जानकारी दिए । जनताको स्वास्थ्य प्रदेश सरकारको प्रमुख जिम्मेवारी भएको उल्लेख गर्दै उनले तीनै तहका सरकार जनताकै सरकार भएको बताए । गणतन्त्र गरिबको व्यवस्था भएको भन्दै गरिबलाई सेवा, आय, न्याय र विकास प्रदान गर्नु राज्यको मूल धर्म भएको उनको भनाइ थियो ।

उनले हाल चिकित्सकले असुरक्षाको महसुस गरिरहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै असुरक्षित वातावरणमा गुणस्तरीय सेवा सम्भव नहुने बताए । स्वास्थ्यकर्मीले जिम्मेवार भएर काम गर्नसक्ने वातावरण सिर्जना गर्नु जनताको पनि दायित्व भएको उल्लेख गर्दै जनता र स्वास्थ्यकर्मीबीच आपसी विश्वास र सहकार्य भएमा मात्र सेवा प्रभावकारी हुने धारणा राखे । यस्तो अवस्थामा प्रदेश सरकार मन्त्रालय मार्फत् आवश्यक सहजीकरण गर्न तयार रहेको उनले बताए । मुख्यमन्त्री बानियाँले अस्पतालसँगै व्यवस्थित सहर र नगर निर्माण गर्ने प्रदेश सरकारको लक्ष्य रहेको बताए ।

दुई नगरपालिका र सात गाउँपालिकामा सबै जनताले क्षमताअनुसार सेवा सुनिश्चित गर्न सक्ने गरी प्रदेश सरकारको लगानी निरन्तर रहने उनले स्पष्ट पारे । मुख्यमन्त्रीसँग जोडिएका स्वास्थ्य कार्यक्रमअन्तर्गत् नसर्ने रोग नियन्त्रण जस्ता कार्यक्रम बागमती प्रदेश सरकारले अघि बढाएको जानकारी दिए । नवनिर्मित सिन्धुली अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध हुनेमा विश्वास व्यक्त गर्दै मुख्यमन्त्री बानियाँले बागमती प्रदेशका ११९ वटा पालिकाका नागरिकलाई १३ वटै जिल्ला अस्पताल मार्फत् गुणस्तरीय सेवा प्रदान गर्नु प्रदेश सरकारको दायित्व भएको बताए । आवश्यक चिकित्सक, औषधि तथा स्वास्थ्य सामग्री उपलब्ध गराउने जिम्मेवारी प्रदेश सरकारको रहेको उल्लेख गर्दै स्थानीय सरकारलाई पनि जिम्मेवारीपूर्वक सहकार्य गर्न आग्रह गरे ।

# तामाङ ज्ञान तथा अनुसन्धान विषयक एकदिवसीय सेमिनार सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/हेटौंडा क्याम्पसमा तामाङ ज्ञान तथा अनुसन्धान विषयवस्तु अन्तर्गत एक दिवसीय सेमिनार सम्पन्न भएको छ ।

त्रिभुवन विश्वविद्यालय तामाङ विद्यार्थी घेदुङ कार्यसमिति तथा तामाङ स्टडी सर्कलको संयुक्त आयोजनामा कार्यक्रम भएको हो । युवापुस्तामा सामाजिक तथा सांस्कृतिक चेतनाको विकास गर्नुका साथै यस्ता विषयप्रति सकारात्मक सोचको विकास गराउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको आयोजकले जनाएको छ । कार्यक्रममा विभिन्न क्षेत्रका वक्ताले महत्वपूर्ण विषयवस्तुमा प्रस्तुतिकरण गरेका थिए । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार तथा नेपाली कांग्रेस मकवानपुर जिल्ला सभापति बुद्ध लामाले राजनीतिक चेतना र नेतृत्व विकासमा तामाङ युवाको भूमिका विषयमा धारणा राखेका थिए ।

नेपाल तामाङ घेदुङका संघीय सदस्य मेम्बर लामाले तामाङ संस्कारको सामाजिक तथा ऐतिहासिक दृष्टिकोण प्रस्तुत गरेका थिए । नेपाल बैंक लिमिटेडका वरिष्ठ प्रवन्धक मकर तामाङले तामाङ समुदायका राज्य स्वामित्वका बैंकमा समावेशी नीति र प्रतिनिधित्व विषयमा प्रस्तुति दिए । तामाङ सोसाइटी एनएसडब्लु, अष्ट्रेलियाबाट अविरल तामाङले तामाङ भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा प्रवासी समुदायको भूमिका विषयमा धारणा व्यक्त गरे । इतिहास केन्द्रीय विभागका विद्यार्थी निश्चिल तामाङले राज्य बनाम तामाङ समुदाय: तामाङ समुदायको ऐतिहासिक सीमान्तीकरण विषयमा प्रस्तुतिकरण राखेका थिए ।

कार्यक्रममा हेटौंडा क्याम्पस, मकवानपुर बहुमुखी क्याम्पस, निर्मल क्याम्पस तथा मनहरी क्याम्पसका तामाङ विद्यार्थीको सहभागिता रहेको थियो । सहभागीले संस्कार, परम्परा, पहिचान, धर्म तथा भाषाका विषयमा प्रत्यक्षरुपमा बुझ्ने र छलफलमा सहभागी हुने अवसर पाएकोमा खुशी व्यक्त गरेका छन् ।

# मनहरीमा जलवायू परिवर्तन प्रभाव न्यूनीकरण सम्बन्धी सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ मकवानपुरको मनहरी गाउँपालिकाले जलवायू परिवर्तन प्रभाव न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम गरेको छ ।

विभिन्न वडालाई समेटेर तीन दिनसम्म कार्यक्रम आयोजना गरिएको हो । जलवायु परिवर्तनले हाल विश्वभर उत्पन्न गरेको समस्या अतिवृष्टि, अनावृष्टि, खडेरी, खेतीपाती उत्पादनमा परेको असर, पशुचौपायको प्रजननमा परेको असर, मौसममा भइरहने उतार चढाव, हिमालमा हिउँ नपर्नु लगायत विश्वब्यापी उष्णता, कार्बन उत्सर्जन, कार्बन मोनो अक्साईडले स्वास्थ्यमा पारेको असर आदिको बारेमा कार्यपालिका सदस्य, वडा सदस्यलगायत वन समितिका पदाधिकारी, किसान, उपभोक्ता, टोल विकास समितिका पदाधिकारीलाई समेटेर सचेतनामुलक कार्यक्रम गरिएको हो ।



मनहरी गाउपालिका वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाको आयोजनामा वडास्तरीय जलवायू परिवर्तन/प्रभाव न्यूनीकरण कार्यक्रम भएको हो । सचेतनामूलक कार्यक्रम वडा नं ६,७ र ८ लाई समेटेर पुस ८ गते ७ नम्बर वडामा, वडा नं ३, ४, ५ र ९ लाई समेटेर वडा नं ३ मा पुस ९ गते र वडा नं १ र २ को वडा नं १ मा पुस ११ गते कार्यक्रम गरिएको हो । वन, वातावरण समितिका संयोजक एवम् वडा नम्बर ९ का वडाअध्यक्ष राजकुमार श्रेष्ठको सभाध्यक्ष तथा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, वडा नं १ का वडाअध्यक्ष शिवप्रसाद खनाल, वडा नं ३ का वडाअध्यक्ष अनन्तप्रकाश अर्याल, कार्यपालिका सदस्यहरु, वडासदस्यलगायत वन समितिका पदाधिकारी, किसान, उपभोक्ता, टोल विकास समितिका पदाधिकारीको उपस्थिति रहेको थियो । वन, वातावरण शाखाप्रमुख साथै फोकल पर्सन अधिकृत ज्ञानेन्द्र ढकालले सहजीकरण गरेको कार्यक्रममा राप्ती वन डिभिजन कार्यालयका वनअधिकृत समुन्द्र खनालले प्रशिक्षण प्रदान गरेका थिए ।

# उपाध्यक्षमा ताम्राकारको उम्मेदवारी घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ जेसीआई हेटौंडाको वर्ष २०२६ का लागि कार्यकारिणी उपाध्यक्ष पदमा विपिन ताम्राकारले उम्मेदवारी घोषणा गरेका छन् । ताम्राकारले वर्ष २०२६ का अध्यक्ष पदका उम्मेदवार सन्तोष पराजुलीको समूहबाट आफ्नो उम्मेदवारी सार्वजनिक गरेका हुन् ।

सन् २०१६ देखि जेसीआई हेटौंडाबाट जेसीज अभियानमा सक्रिय ताम्राकारले संस्थाका विभिन्न महत्वपूर्ण पदमा रहेर कार्यकुशलता प्रदर्शन गरिसकेका छन् । उनले सन् २०१८ मा उपाध्यक्ष, २०२० मा भवन निर्माण संयोजक, २०२४ मा कोषाध्यक्ष र २०२५ मा कानूनी सल्लाहकारको जिम्मेवारी सफलतापूर्वक निर्वाह गरेका छन् । जेसीजबाहेक ताम्राकार अन्य सामाजिक संघसंस्थामा पनि उत्तिकै सक्रिय छन् । उनी साइक्लिङमार्फत् स्वास्थ्य, वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनमा क्रियाशील संस्था हेटौंडा राइडर्स क्लबको कार्यसमिति सदस्य हुन् ।

स्थानीय समस्यालाई वडा तथा नगरपालिकासम्म पुर्याउन र सरकारी योजनालाई टोलस्तरमा कार्यान्वयन गराउन उनले सशक्त टोल विकास संस्थाको उपाध्यक्षका रुपमा अगुवाइ गरिरहेका छन् । विभिन्न संघसंस्थामा नेतृत्वदायी भूमिका निर्वाह गरिसकेका ताम्राकारले संस्थागत विकास र युवा सशक्तीकरणका लागि आफूले कार्यकारिणी उपाध्यक्ष पदमा उम्मेदवारी दिएको बताए । 'संस्थाको गरिमा उच्च राख्दै युवाको नेतृत्व र व्यक्तित्व विकासमा थप योगदान पुर्‍याउने मेरो लक्ष्य छ' उनले भने, 'आशा छ जेसीज सदस्यज्यूहरुले मलाई र हाम्रो समूहलाई सहयोग गर्नुहुनेछ ।' जेसीआई हेटौंडाको नेतृत्व चयनका लागि आगामी निर्वाचनको सरगर्मी बढ्दै गएको छ ।

**Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता**

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला ।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुष: १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

**सम्पर्क नं. ९८५५०६९९०५**

**उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं ।**

☞ वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादन/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं ।
☞ गुणस्तर, मूल्य, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोग विधि सार्वजनिक गरौं ।
☞ झुट्टा दावी, भ्रमपूर्ण प्रचार, अतिरञ्जित विज्ञापन नगरौं/नगराऔं ।
☞ उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं ।
☞ उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं ।
☞ उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारीका रूपमा लिऔं ।
☞ सबै वर्ग र समुदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं ।
☞ अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं ।
☞ पभोक्तालाई मर्का परे उजुरी दिने लिने व्यवस्था मिलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

"मेरो विद्यालय, मेरो सहभागिता"

**श्री निर्मल माध्यमिक विद्यालय**

हेटौंडा-१९, वस्तिपुर

को

**स्वर्ण महोत्सव**

कार्यक्रम समय तालिका:

| क्र.सं. | मिति | समय | कार्यक्रम |
|---|---|---|---|
| १. | २०८२ पौष ८ गते | विहान ११ वजे | वागमती प्रदेश सरकारका मुख्यमन्त्री माननीय ईन्द्र ब. वानियाँ ज्यूबाट समुद्घाटन स्तम्भ अनावरण, विद्यालय गीत र डकुमेन्ट्री सार्वजनिक, स्काउट मार्च प्रतियोगिता |
| २. | २०८२ पौष ९ गते | विहान ११ वजे | नगरप्रमुख श्री मीनाकुमारी लामाज्यूवाट पालिकास्तरीय पुरुष भलिवल प्रतियोगिता उद्घाटन |
| ३. | २०८२ पौष ९ गते | विहान ११ वजे | नगर उपप्रमुख श्री राजेश वानियाँज्यू बाट जिल्लास्तरीय शिक्षक नृत्य प्रतियोगिता उद्घाटन |
| ४. | २०८२ पौष १० गते | विहान ८ वजे | प्रतिनिधि सभाका नि. माननीय श्री महेश वर्तौलाज्यूवाट सम्पूर्ण रोगहरुको उपचार सुविधा सहित वृहत स्वास्थ्य शिविर, रक्तदान, उद्घाटन |
| ५. | २०८२ पौष १० गते | विहान ११ वज | नगरस्तरीय विधार्थी हाजिरीजवाफ प्रतियोगिता |
| ६. | २०८२ पौष ११ गते | विहान ११ वजे | माननीय कुमारी मुक्तानज्यूवाट नगरस्तरीय विधार्थी नृत्य प्रतियोगिता उद्घाटन |
| ७. | २०८२ पौष १२ गते | दिउसो ३ वजे | माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री दिनेशचन्द्र देवकोटाज्यूबाट समापन कार्यक्रम |

**नोट**: सास्कृतिक कार्यक्रम र खाना तथा व्यापार मिनि महोत्सव ५ दिन सम्म सञ्चालन रहनेछ ।
कार्यक्रमको श्रोत पूर्वाधारका कार्यहरु सरकारी निकायहरुवाट र वाकी समाजसेवी, अभिभावक, ईच्छुक महानुभावहरु र पुर्व विधार्थीहरुवाट उठाएको रकम ।

आयोजक:
**श्री निर्मल माध्यमिक विद्यालय स्वर्ण महोत्सव मूल समारोह समिति**
हेटौंडा-१९, वस्तिपुर, मकवानपुर

"The only way out to fulfill all needs of blood and blood components is regular blood donation by all of us everywhere regularly. Let's do it."

**नेपाल स्वयंसेवी रक्तदाता समाज**
**NEPAL VOLUNTARY BLOOD DONORS'SOCIETY**
हेटौंडा नगर समिति

**खुल्ला रक्तदान कार्यक्रम**

मिति: २०८२ पौष १३ गते, आइतबार
स्थान: हेटौंडा-४, शितल महल चोक
समय: विहान ८:०० बजे

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना